# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं जेठ १ गते, २०६९ साल (संख्या ५

## भाग ३

नेपाल सरकार

### अर्थ मन्त्रालयको सूचना

### युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०६९

युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०६५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

206

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०६९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ ।

२. **युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०६५ को नियम २ मा संशोधन** : युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०६५ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छ :-

"(च१) "सहकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको सहकारी संस्था वा संघ सम्झनु पर्छ र सो शब्दले सहकारी बैंकलाई समेत जनाउँछ ।"

३. **मूल नियमावलीको नियम ३ मा संशोधन** : मूल नियमावलीको नियम ३ को खण्ड (घ) मा रहेका "वित्तीय संस्था" भन्ने शब्दहरुको सट्टा "बैंक, वित्तीय संस्था तथा सहकारी संस्था" भन्ने शब्दहरु राखिएका छन् ।

४. **मूल नियमावलीको नियम ४ मा संशोधन** : मूल नियमावलीको नियम ४ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-



205

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(क) व्यावसायिक खेती तथा पशु, पंक्षी पालन, कृषि, वनजन्य तथा खानी उद्योग र बहुमूल्य पत्थर उद्योग लगायतका विषयमा तालिम प्रदान गर्ने,"

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) शहर र वजार क्षेत्रमा रिक्सा, ठेलागाडा सेवा सञ्चालन तथा प्लम्विङ्ग सेवा र इलेक्ट्रोनिक्स सामानको मर्मत सम्भार जस्ता साना तथा घरेलु व्यवसाय एवम् पसल सञ्चालन लगायतका सेवामूलक स्वरोजगार कार्यक्रमको लागि ऋण उपलब्ध गराउने"

(३) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएकोछः-

(घ) द्वन्द पीडित, अपाङ्ग वा घाइते व्याक्ति, वेपत्ता तथा शहिद परिवार, उत्पीडित जाति, जनजाति र क्षेत्र तथा महिलालाई ऋण लगानी गर्ने",

(४) खण्ड (छ) पछि देहायको खण्ड (छ१) र (छ२) थपिएका छन् :-



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०५

"(छ१) बैंक, वित्तीय संस्था तथा सहकारी संस्थामार्फत युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रममा लगानी गर्ने,

(छ२) कोषको काम कारवाहीका सम्वन्धमा सरकारी तथा गैरसरकारी संस्थाहरुसँग सहकार्य गर्ने ।"

५. **मूल नियमावलीको नियम ५ मा संशोधन** : मूल नियमावलीको नियम ५ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) कोषको उद्देश्य अनुसार काम गर्ने एक परिवारमा एक जना व्यक्तिलाई बैंक, वित्तिय संस्था तथा सहकारी संस्थावाट सहूलियत व्याज दरमा विना धितो दुई लाख रुपैयाँसम्म आवधिक ऋण उपलब्ध गराउन,"

(२) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) कोषको उद्देश्य अनुसार काम गर्ने व्यक्तिहरुले गठन गरेको समुहलाई प्रतिपरिवार एक जनाभन्दा बढी व्यक्तिले नपाउने र जनही बढीमा दुईलाखमा नबढ्ने गरी बैंक, वित्तिय संस्था तथा सहकारी संस्थावाट



२१०
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पचासलाख रुपैयाँसम्म सहूलियत व्याज दरमा विना धितो आवधिक ऋण उपलब्ध गराउन,"

६. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ को खण्ड (ज) मा रहेका "वरिष्ठ आर्थिक सल्लाहकार" भन्ने शब्दहरुको सट्टा "प्रमुख आर्थिक सल्लाहकार" भन्ने शब्दहरु राखिएको छ ।

७. मूल नियमावलीको नियम ८ मा संशोधन : मूल नियमावलीको नियम ८ को,

(१) खण्ड (घ) को ठाउँ ठाउँमा रहेका "वित्तीय संस्था" भन्ने शब्दहरुको सट्टा "बैंक, वित्तीय संस्था तथा सहकारी संस्था" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (छ१) मा रहेका "बैंक तथा वित्तीय संस्था" भन्ने शब्दहरुको सट्टा "बैंक, वित्तीय संस्था तथा सहकारी संस्था" भन्ने शब्दहरु राखिएका छन् ।

(३) खण्ड (छ२) पछि देहायको खण्ड (छ३) थपिएको छ :-

"(छ३) कोषको संगठन संरचना स्वीकृत गर्ने ।"

८. मूल नियमावलीको नियम ८क. मा संशोधन : मूल नियमावलीको नियम ८क. को,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२११

(१) उपनियम (७) मा रहेको "बढीमा दुइ वर्षको" भन्ने शब्दहरुको सट्टा "चार वर्षको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (११) को खण्ड (घ) मा रहेका "बैंक, वित्तीय संस्था" भन्ने शब्दहरुको सट्टा "बैंक, वित्तीय संस्था तथा सहकारी संस्था" भन्ने शब्दहरु राखिएका छन् ।

९. <u>मूल नियमावलीको नियम १२ मा संशोधन</u> : मूल नियमावलीको नियम १२ को,

(१) उपनियम (१) मा रहेका "योजनाको आधारमा" भन्ने शव्दहरु पछि "कार्यविधि वनाई जिल्ला संयोजन तथा अनुगमन समिति मार्फत" भन्ने शव्दहरु थपिएका छन् ।

(२) ठाउँ ठाउँमा रहेको "वित्तीय संस्था" भन्ने शब्दहरुको सट्टा "बैंक, वित्तीय संस्था तथा सहकारी संस्था" भन्ने शब्दहरु राखिएका छन् ।

१०. <u>मूल नियमावलीको नियम १७ मा संशोधन</u> : मूल नियमावलीको नियम १७ को ठाउँ ठाउँमा रहेका "वित्तीय संस्था" भन्ने शब्दहरुको सट्टा "बैंक, वित्तीय संस्था र सहकारी संस्था" भन्ने शब्दहरु राखिएका छन् ।

**आज्ञाले,**
**शान्तराज सुवेदी**
**नेपाल सरकारको निमित्त सचिव**



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२१२

## संविधानसभा सचिवालयको सूचना

### संविधानसभा (चौथो संशोधन) नियमावली, २०६९

संविधानसभा नियमावली, २०६५ मा संशोधन गर्न वाञ्छनीय भएकोले, नेपालको अन्तरिम संविधान, २०६३ को धारा ७८ ले दिएको अधिकारको प्रयोग गरी संविधानसभाले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "संविधानसभा (चौथो संशोधन) नियमावली, २०६९" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **संविधानसभा नियमावली, २०६५ मा नियम ८२क. थप :** संविधानसभा नियमावली, २०६५ को नियम ८२ पछि देहायको नियम ८२क. थपिएको छ :

"**८२क. संवैधानिक समितिले पेश गरेका विषयमा सभाले निर्णय गर्ने प्रक्रिया :** (१) नियम ८२ को उपनियम (११) बमोजिम संवैधानिक समितिले निर्णयार्थ सभामा पेश गरेका विषयमा सभाले निर्णय गर्ने प्रक्रिया परिच्छेद ७ मा उल्लेख भएबमोजिम हुनेछ ।

(२) उपनियम (१) को प्रक्रियाबमोजिम सभामा निर्णयार्थ पेश भएका विषयमध्ये जुन विषय सभामा उपस्थित भई मतदान गर्ने सदस्यहरुको बहुमतबाट पारित हुन्छ सो विषयको मस्यौदा तयार गरी संविधानको पहिलो मस्यौदामा समावेश गर्न सभाले संवैधानिक समितिलाई निर्देशन दिनेछ ।

(३) उपनियम (१) को प्रक्रियाबमोजिम निर्णयाथ पेश भएको कुनै विषय सभामा उपस्थित भई मतदान गर्ने सदस्यहरुको बहुमतबाट पारित हुन नसकेमा त्यस्तो विषयमा सहमति कायम गर्न सभाले संवैधानिक समितिलाई निर्देशन दिनेछ ।"

**आज्ञाले,**

**मनोहरप्रसाद भट्टराई**

**संविधानसभाको महासचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।